# राजस्थानलाई हराउँदै मुम्बई शीर्षमा



**दुबई/हिटा ।** साविक विजेता मुम्बई इण्डियन्स इण्डियन प्रिमियर लिग (आइपिएल)को शीर्ष स्थानमा उक्लिएको छ । मंगलबार राति भएको खेलमा राजस्थान रोयल्सलाई ५७ रनले पराजित गर्दै मुम्बई शीर्ष स्थानमा उक्लिएको हो ।

सूर्यकुमार यादवले उत्कृष्ट प्रदर्शन गरेपछि पहिले ब्याटिङ गरेको मुम्बईले २० ओभरमा १९३ रन बनाएको थियो । जवाफमा राजस्थान १८.१ ओभरमा १३६ रनमा अलआउट भयो । मुम्बईका लागि यादवले ४७ बलमा ११ चौका र २ छक्कासहित ७९ रनको पारी खेल्दै जितको आधार बनाउनुभयो । यस्तै ट्रेन्ट बोल्ट र जसप्रित बुम्राहले बलिङमा उत्कृष्ट प्रदर्शन बनाउनुभयो मुम्बईले जित हात पार्‍यो ।

बुम्राहले चार ओभरमा २० रन दिएर चार र बोल्टले २६ रन दिएर दिएर दुई विकेट लिनुभयो । यस्तै जेम्स प्याटिसनलेसमेत १९ रन खर्चेर दुई विकेट लिनु भएपछि मुम्बईले सहज जित हात पार्‍यो । यो प्रतियोगितामा मुम्बईको चौथो जित तथा राजस्थानको तेस्रो हार हो ।

# राफेल नाडाल फ्रेन्च ओपनको सेमिफाइनलमा

**पेरिस/एजेन्सी ।** राफेल नाडाल फ्रेन्च ओपन टेनिसको सेमिफाइनलमा प्रवेश गर्नुभएको छ । जानमिक सिन्नरमाथि मंगलबार राति पुनरागमन जित निकाल्दै नाडाल सेमिफाइनलमा प्रवेश गर्नुभएको हो ।

इटालीका १९ वर्षे सिन्नरले पहिलो सेटमा कडा टक्कर दिँदै ७-६(७-४) को झिनो अन्तरले खेल गुमाउनुभएको थियो । तर त्यसपछि १२ पटकको उपाधि विजेता नाडालले पुनरामन गर्नुभयो । नाडालले बाँकी सेट ६-४, ६-१ को सेटमा जित्नुभयो । अब नाडालले फाइनल प्रवेशका लागि डिएगो श्वार्ट्जमनविरुद्ध प्रतिस्पर्धा गर्नुहुनेछ । अर्जेन्टिनाका श्वार्ट्जमनले गत महिना रोममा नडाललाई पराजित गर्नुभएको थियो । यद्यपि नाडालले हालसम्म फ्रेन्च ओपनको सेमिफाइनलमा पराजित हुनुपरेको छैन ।



'सिनर धेरै प्रतिभावान युवा खेलाडी हुन् । उहाँसँग पावर र शक्ति उत्तिकै छ,' खेलपछि नाडालले भन्नुभयो, 'क्वार्टरफाइनलमा पहिलो दुई सेट मलाई गाह्रो भएको थियो र पहिलो सेटमा भाग्यमानी रहे ।

६-५ ले पछाडि परेर मैले नतिजा आफ्नो पक्षमा पार्न सफल भए ।' महिलाफर्त विश्व वरियाताको १३१औं स्थानमा रहनुभएकी नादिया पोडोरोस्काले फ्रेन्च ओपनमा तेस्रो वरियता प्राप्त एलिना स्भितोलिनालाई सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान बनाउनुभयो ।

पोडोरोस्काले युक्रेनकी स्भितोलिनालाई ६-२, ६-४ को सेटमा पराजित गर्नुभयो । पोडोरोस्काले अब फाइनल प्रवेशका लागि पाब्लो इगा स्विटेकविरुद्ध प्रतिस्पर्धा गर्नुहुनेछ । इगा स्विटेकले इटालीकी मार्टिना ट्रेभिसनलाई ६-३, ६-१ को सेटमा हराउनुभएको थियो ।

# प्रिमियर लिगमा गोल संख्या ह्वात्तै बढ्यो, किन ?



**यस सिजनको अहिलेसम्मको विश्लेषण**
- अघिल्लो सिजनभन्दा ४० गोल बढी
- १९३०-३१ पछिकै गोल औषत उच्च
- ३८ मध्ये ११ खेलमा कम्तीमा पाँच गोल
- १९५३ पछि पहिलोपल्ट साविक विजेताको पोष्टमा ७ गोल

**एजेन्सी**
**लण्डन**, २१ असोज

विश्वभर फैलिएको कोरोना भाइरसका कारण यसपटक इंग्लिस प्रिमियर लिग फुटबलको सिजन दर्शकविहीन रंगशालामा खेलाइँदैछ । महामारी जारी रहेकाले यो क्रम कहिलेसम्म जान्छ भन्न सकिन्न ।

तर तथ्यांकले भने दर्शक हुनुभन्दा नभएको बेला प्रिमियर लिगमा गोलसंख्या ह्वात्तै बढेको देखाएको छ । आइतबारमात्रै एष्टन भिल्लाले साविक विजेता लिभरपुलमाथि ७-२को सानदार जित हात पार्‍यो । १९६३ पछि कुनैपनि खेलमा ७ गोल व्यहोरेको लिभरपुलले यो नै पहिलोपटक हो । १९९५ पछि भिल्लाले प्रिमियर लिगमा कुनैपनि क्लबविरुद्ध ७ गोल गरेको पनि यो पहिलोपल्ट हो ।

सोही दिनको अर्को खेलमा म्यानचेष्टर युनाइटेड र टोटनहम हटसपरबीचको खेलमा पनि रोमाञ्चक भएको थियो । यस खेलमा पनि ७ गोल भयो । ६ गोल टोटनहमले गर्‍यो भने युनाइटेडले एक गोल फर्कायो । यस्ता रोमाञ्चक खेल भएपछि सुरुवाती ३८ खेलको विश्लेषण गर्दा ९० वर्षयताकै गोल स्कोर दर दर्शकविहीन यस वर्ष उच्च देखिएको छ । सुरुवाती ३८ खेलमा १४४ गोल भएका छन् । जुन अघिल्लो वर्षभन्दा ४० गोल बढी हो ।

अहिलेसम्म ३.७९ को औषतमा गोल भएको छ । जुन १९३०-३१को प्रतिखेल गोल औषतपछि सबैभन्दा राम्रो हो । त्यसबेला ३.९५को औषतमा गोल भएको थियो । सुरुवाती ३८ मध्ये ११ खेलमा कम्तीमा ५ गोल भएको छ । सबै गोल संख्याको २९ प्रतिशत हो । १९६०-६१ पछि यो उच्च प्रतिशत हो ।

आइतबारमात्रै साविकको विजेता भएर लिभरपुलले ७ गोल व्यहोरेको थियो । यो १९५३ पछि पहिलोपल्ट भएको हो । त्यसबेला साविकको विजेताले ७ गोल व्यहोरेको थियो ।

अहिलेसम्मको तथ्यांकलाई आधारमान्ने हो भने यो सिजनमा गोल औषत ४.०५ हुनसक्ने सम्भावना उच्च छ । जुन लिगकै अहिलेसम्मको उच्च प्रदर्शन हुनेछ । एभर्टन तथा इंग्ल्याण्डका रक्षक माइकल केन दर्शकहरूको उपस्थिति नभएपछि खेलाडीहरूमाथि दबाब कम भएको हुनसक्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ' दर्शकहरू स्टेडियममा उपस्थित नभएकाले गोल संख्यामा फरक परेको हुनसक्छ । यसले स्ट्राइकरहरू अझै स्वतन्त्र भएर खेल्न पाउनुभएको छ । उहाँहरूले दर्शकको दबाब महसुस गर्नुहुन्न । ध्यान दर्शकले भंग गर्दैनन् । खेलाडीहरू पूरै खेलमा केन्द्रित हुन पाउनुभएको छ ।'

यता, प्रिमियर लिगका पूर्वखेलाडी क्रिस सुटोन भने दर्शकहरूको अनुपस्थितिमा गोल संख्या बढेको मान्न तयार हुनुहुन्न । उहाँ लिगमा रक्षकहरूको कमजोर उपस्थितिको फाइदा स्ट्राइकलहरूले उठाएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'प्रिमियर लिगमा रक्षकहरू गोलकिपरको भूमिका उत्कृष्ट रहँदै आएको छ । तर यस सिजनमा भने रक्षकहरूको प्रदर्शन अपेक्षित रूपमा कमजोर देखिएको छ । जुन बढी गोल हुनुको मुख्य कारण हो ।' गोल बढी हुनुको अर्को मुख्य कारण पेनाल्टीको संख्यामा वृद्धि हुनु पनि हो । अघिल्लो सिजनभन्दा यस सिजनमा अहिलेसम्मको तुलना गर्दा २२ प्रतिशत बढी पेनाल्टी प्रहार भएको छ ।

समग्रमा भन्दा दर्शको अनुपस्थिति, व्यक्तिगत गल्तीहरू, थकाई, कोरोनाका कारण पर्याप्त तयारी नपाउनु र भिडियो एसिष्टेन्ट रेफ्रीको प्रभावका कारण यस सिजनमा गोलको संख्या ह्वात्तै बढेको देखिन्छ ।

# भण्डारीलाई सिप्यानको १० लाख हस्तान्तरण

**काठमाडौं/हिटा ।** सडक दुर्घटनामा परी घाइते हुनुभएका राष्ट्रिय क्रिकेट टोलीका खेलाडी ललितसिंह भण्डारीलाई क्रिकेट खेलाडी संघ (सिप्यान) ले दश लाख सहयोग हस्तान्तरण गरेको छ ।

मंगलबार अस्पतालबाट डिस्चार्ज हुनुभएका भण्डारीलाई सिप्यानका अध्यक्ष मनिषराज पाण्डे, महासचिव पारस खड्का र कोषाध्यक्ष पृथु बास्कोटाले उपचारमा आवश्यक उक्त सहयोग रकम हस्तान्तरण गर्नुभएको हो । सिप्यानले ललितको उपचारमा ठूलो खर्च हुने भएपछि सहयोगको आह्वान गरेको थियो । उक्त सहयोगबाट संकलित रकम ललितलाई हस्तान्तरण गरेको हो । गत भदौ अन्तिम साता धनगढीबाट महेन्द्रनगर जानेक्रममा मिनी ट्रकले ललित सवार मोटरसाइकललाई ठक्कर दिएपछि गम्भीर घाइते हुनुभएको थियो । धनगढीमा प्रारम्भिक उपचार गरी नेपालगञ्ज हुँदै काठमाडौंको ग्राण्डी अस्पताल ल्याइएको थियो ।

ग्राण्डीमा उहाँको हात र खुट्टाको सर्जरी गरिएको थियो । त्यसक्रममा २२ दिनको अस्पताल बसाइपश्चात् ललित डिस्चार्ज हुनुभएको हो । सिप्यानले नेपालगञ्जबाट काठमाडौं ल्याउँदा सिम्रिक एयरको खर्च तीन लाख ८० हजार तिर्नुका साथै बाँकी रकम ललितलाई हस्तान्तरण गरेको जनाएको छ ।





## राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भण्डारा, चितवन
## बागमती प्रदेश नेपाल

### बोलपत्र स्वीकृतीको लागि आशयको सूचना

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट मिति २०७६।११।०२ मा हिमालयन टाइम्स र www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार Construction of Office Building of Rapti Municipality (Floor Extension Work) कार्यको लागि गरिएको विज्ञापनमा यस नगरपालिकामा पेश हुन आएका वोलपत्रहरु यस कार्यालय अन्तर्गत गठित वोलपत्र मूल्यांकन समितिवाट विस्तृत मूल्यांकन गर्दा निम्न व्यवसायीले पेश गरेको वोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर भइ सबैभन्दा न्युन कबोल रकम देखिएको हुंदा निजको कवोल अंक सदर गरि ठेक्का स्विकृतिका लागि आशयपत्र जारी गर्न सिफारिस भइ आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो आशय पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र.सं | सूचना नं. | छनौट भएको वोलपत्रदाताको नाम | कवोल अंक (With VAT and PS) | कैफियत |
|---|---|---|---|---|
| १. | 008/works/NCB/RM/076/77 | धुलिखेल निर्माण सेवा प्रा लि बानेश्वर काठमाडौं | ४,९८,२४,३८३।२७ | |



#### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस ए.जि.आर ईन्डस्ट्रीज प्रा.लि.बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य निम्न बमोजिम भएका ब्यहोरा सर्वसाधारणको जानकारी को लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुका विवरण | आकार /प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको/ मुलुक राष्ट्र | ईकाइ | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Led TV | 32" | PALSONIC | 3254-LED TV 80cm 32N | 32" | India | Pcs | 22770.77 |
| 2 | Led TV | 32" | PALSONIC | 32NY SP-LED TV 80cm Smart 32S | 32" | India | Pcs | 29215.33 |
| 3 | Led TV | 38" | PALSONIC | 38RX S -LED TV 99 cm Smart 39S | 38" | India | Pcs | 39956.26 |

**बिक्रेता फर्मका नाम :** ए.जी.आर. इण्डष्ट्रिज प्रा . ली . **स्थायी लेखा नं.** : ६०५९३३२७५
**ठेगाना** : नयाँबाटो ३, ललितपुर नेपाल **फोन नं.** : ०१५५३६२३६



स्थानीय सरकार
**मध्यपुर थिमि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वागमती प्रदेश, भक्तपुर**

#### कार्यालयका लागि आवश्यक सामान खरिदसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**पुनः प्रकाशित मिति : २०७७।०६।२२**

यस नगरपालिकाका लागि तपसिलमा लेखिएबमोजिमका कार्यालय सामान तथा अन्य सरसामानहरू आवश्यक भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी वा निर्माता कम्पनीका अधिकृत विक्रेताहरूबाट तपसिलबमोजिमका शर्तहरूको अधिनमा रही के, कति दरमा सो सामानहरू उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र यस न.पा. कार्यालयमा पेश गर्नु हुन आह्वान गरिन्छ। अन्य जानकारीका लागि यस न.पा. कार्यालयको आन्तरिक नियन्त्रण तथा जिन्सी शाखाबाट जानकारी लिनु हुन अनुरोध गरिन्छ।

द्रष्टव्य : थप जानकारीका लागि न.पा.को. Website: madhyapurthimimun.gov.np. हेर्नु हुन।

**तपशिल**

| क्र.सं. | सूचना नं. | कामको विवरण | आवश्यक संख्या | खरिद गर्ने रकम (भ्याटससहित) | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद तथा दाखिला गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १. | जि ०१-०७७/७८ | स्टेशनरी तथा मसलन्द | | १९,९६,५००।- | १,०००।- | १५ दिन |
| २. | जि ०२-०७७/७८ | सरसफाइका सामानहरू | | १७,८६,९५०।- | १,०००।- | १५ दिन |
| ३. | जि ०३-०७७/७८ | निःशुल्क वितरण गर्ने औषधीहरू | | ८,००,०००।- | १,०००।- | १५ दिन |
| ४. | जि ०४-०७७/७८ | न.पा. क्षेत्रभित्रको सडकमा सि.सि. क्यामरा जडान कार्य | क्यामरा ८ तथा अन्य | १९,६९,९९१।- | १,०००।- | १५ दिन |
| ५. | जि ०५-०७७/७८ | कम्प्युटर तथा प्रिन्टर खरिद | कम्प्युटर १३ वटा प्रिन्टर १२ वटा | १२,२३,१००।- | १,०००।- | १५ दिन |



## खाँडादेवी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

#### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: (२०७७/०६/२२ गते)

यस खाँडादेवी गाउँपालिकाले मिति २०७७/०६/०४ गते दोस्रो पटक प्रकाशित ढुङ्गा,गिट्टी,बालुवा संकलन तथा विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलापत्रहरुमध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र प्रस्ताब सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि सिफारिस भएको हुदा खाँडादेवी गाउँपालिकाको सार्बजनिक खरिद ऐन, २०७६ को दफा १३९ (१), (२), (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलापत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | बोलापत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मू. अ. क. बाहेक ) |
|---|---|---|---|---|
| १. | ०१/ २०७७-०७८ | मरंघाट, खैरेनि, घुमाउने बगर, कोथपे बगर, बगडी बगर, घुमाउने चौर बगर | बिश्वास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. कोटेश्वर, काठमाडौं | रु.१,२०,७८,९००/- |
| २. | ०२/ २०७७-०७८ | ताडी बगर, पलासे बगर, डप्खा बगर १, डप्खा बगर २, चहरी बगर, घोर्मा बगर, पुछिघट बगर, रजगाउँ बगर, तिलके बगर, भटौली खोला बगर | प्रबल कुशल निर्माण सेवा प्रा.लि. रामेछाप | रु. ९१,७३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**


CMYK